स्थानः बैठक कक्ष
समयः दिनको १.०० बजे

आज मिति २०८१/०८/१८ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक सङ्ख्या ०६

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

CamScanner

मितिः २०८१/०८/१८
आर्थिक वर्ष २०८१/८२ बैठक सङ्ख्या ६

**निर्णयहरू**

६.१ स्थानीय पूर्वाधार विभाग झोलुङ्गेपुल शाखाको प.स २०८१/८२, चलानी नम्बर ९५, मिति १०८१/०७/०८ को पत्रबाट प्राथमिकताका आधारमा झोलुङ्गेपुल माग गर्ने सम्बन्धमा भनि लेखि आएको पत्रको विषयमा देहाय बमोजिमको ढाँचामा सबै वडाहरुले आफ्नो वडा भित्र पैदल मार्गहरुमा पर्ने खोला/खोँचहरु तरी तराउन गर्न आधा घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी आवश्यक स्थानहरुमा मात्र प्राथमिकता अनुसार तपसिल बमोजिमको ढाँचामा यथाशिघ्र सबै वडा कार्यालयहरूले झोलुङ्गे पुलको विवरण नगरपालिकामा पेस गर्ने ।साथै विवरण प्राप्त भएपछि समग्र नगरपालिकाको प्राथमिकता निर्धारणमा स्थानीय पूर्वाधार विभागमा पठाउने ।

तपसिलः

| प्राथमिक्ता नम्वर | जिल्ला | पालिका | वडा नं | स्थान | खोलाको नाम | झो.पु को नाम | अनुमानित लम्बाई |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

६.२ सन्धिखर्क नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८१ साल कार्तिक २४ गतेको निर्णयबाट जडीबुटी कवाडी र जीवजन्तु कर सङ्कलन बिक्री तथा निकासी र नगर क्षेत्रभित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जीको आधारमा निकासी हुने काठ सल्ला, खयर र अन्य कु-काठ समेत निकासीको लागि साविकमा कायम भएको रु १७,६०,०००। (सत्रलाख साठी हजार) मा ठेक्का नलागेको विषयमा पून छलफल भई प्रति वर्ष रु १२,००,०००। (अक्षरेपी बाह्र लाख) मात्र न्यूनतम अङ्क कायम गरी आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ का लागि बहुवर्षिय ठेक्का व्यवस्थापन गर्ने,भनी निर्णय भएको अनुमोदन गर्ने,

त्यसै गरी नगर क्षेत्रभित्र विभिन्न उद्योग व्यवसायको प्रवर्द्धन लागि राखिएको सूचना मूलक विज्ञापनमा प्रतिवर्ष रु २,२५,०००। (दुइलाख पच्चिस हजार) मात्र कायम गरी ठेक्का व्यवस्थापन गर्दा ठेक्का लाग्न् नसकेको देखि उक्त न्यूनतम अङ्कमा संशोधन गरी प्रतिवर्ष वार्षिक रु १,७५,०००/-(एकलाख पचहत्तर हजार) न्यूनतम अङ्क कायम गरी आर्थिक वर्ष २०८१/८२ देखि २०८३/८४ सम्मका लागि ठेक्का व्यवस्थापन गर्ने गरी भएको निर्णय अनुमोदन गर्ने ।

उल्लिखित निर्णय बमोजिम जडीबुटी कवाडी र जीवजन्तु कर सङ्कलन बिक्री तथा निकासी र नगर क्षेत्रभित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पूर्जिको आधारमा निकासी हुने काठ सल्ला,खयर र अन्य कु-काठ समेत निकासीको लागि न्यूनतम अङ्क १२,००,०००/ (बाह्र लाख) मा कुनै पनि दरभाउपत्र पेस हुन नआएको विषय बैठकमा जानकारी भयो सो सम्बन्धमा साविकमा कायम भएको १२,००,०००/- (बाह्र लाख) न्यूनतम अङ्कलाई पुन संशोधन गरी प्रति वर्ष वार्षिक रु ९,००,०००। (नौ लाख) मात्र न्यूनतम अङ्क कायम गरी आ.व. २०८१/८२ र २०८२/८३ का लागि बहुवर्षिय ठेक्का व्यवस्थापनका लागि मिति २०८१/८/१७ को राजस्व परामर्श समितिको बैठक

प्रशासकीय अधिकृत



नगर प्रमुख

बाट सिफारिस भई आएको विषय उपयुक्त र मनासिब देखिएकोले सोहि बमोजिम ठेक्का व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

६.३ सन्धिखर्क नगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धमा मिति २०८१/०७/०६ को नगर कार्यपालिका बैठकबाट मिति २०८१/७/१ गते देखि लागु हुने गरी सन्धिखर्क नगरपालिका र श्री रिमार्केवल विल्डर्स बिच भएको सम्झौता बदर गरी सन्धिखर्क नगरपालिका आफैले फोहरमैला व्यवस्थापन गर्ने गरी कार्य गरिरहेको र सो सम्बन्धमा श्री रिमार्केवल विल्डर्सले कामकाजमा लगाएका जनशक्ति फोहरमैला प्रशोधन केन्द्रमा र फोहरमैला व्यवस्थापन सहयोगीको रूपमा कामकाज गर्न इच्छुक भएमा अनुभव प्राप्त व्यक्तिलाई काममा लगाउने गरी भएको निर्णय बमोजिम ४ जना सरसफाई कर्मी र १ जना फोहोरमैला व्यवस्थापन सहयोगीको दैनिक पारिश्रमिक, मासिक खाजा खर्च र निजहरुको कार्यविवरण सम्बन्धमा नगर प्रमुखबाट मिति २०८१/७/११ मा भएको निर्णय अत्यावश्यक,उपयुक्त र मनासिब देखिएकोले उल्लिखित निर्णय अनुमोदन गर्ने, साथै मिति २०८१/०७/०६ को कार्यपालिका बैठकमा १ जना फिल्ड सुपर भाइजर भन्ने स्थानमा १ जना फोहरमैला व्यवस्थापन सहयोगी भनी उल्लिखित त्रुटी सच्याउने ।

- फोहरमैला व्यवस्थापन सहयोगी दैनिक पारिश्रमिक रु ७००।(सात सय) मात्र
- फोहरमैला व्यवस्थापन सहयोगी मासिक खाजा खर्च रु ४०००।(चार हजार) मात्र
- सरसफाई कर्मी फोहरमैला प्रशोधन केन्द्र ४ जना पारिश्रमिक दैनिक रु ५००/-(पाँचसय) मात्र
- सरसफाई कर्मी फोहरमैला खाजा खर्च मासिक रु ३०००/-(तिन हजार) मात्र
- सन्धिखर्क नगरपालिकामा कार्यरत टिप्पर ट्याक्टर चालक सहचालक (सरसफाई कर्मी) ४ जना,फोहोरमैला प्रशोधन केन्द्रमा कार्यरत सरसफाइ कर्मी ४ जना र १ जना फोहरमैला व्यवस्थापन सहयोगी गरी जम्मा ९ जनाको स्वास्थ्य विमा नगरपालिकाले गरिदिने ।

साथै टिप्पर र ट्याक्टर चालक सहचालकहरुको सेवा करार सम्झौता साविककै बमोजिम हुने गरी मिति २०८१ साल कार्तिक १ गते देखि लागु हुने गरी कार्यान्वयन गर्ने र निजहरुलाई शनिबार र अन्य सार्वजनिक विदाको दिन कार्य गरे बापत दैनिक रु ५००/-का दरले पारिश्रमिक उपलब्ध गराउने।माथि उल्लिखित बेहोरा अनुसार श्रृजना हुने दायित्व सन्धिखर्क नगरपालिकाले बेहोर्ने गरी श्रोत सुनिश्चित् गर्ने।

६.४ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रसंङ्ख्या,२०८१।०८२ चलानी नम्बर,११३ मिति २०८१/०७/०८ गतेको पत्र बैठकमा पेस भई जानकारी भयो । सो सम्बन्धमा पत्रमा उल्लिखित सुझाव कार्यान्वयन गर्ने ।

६.५ सन्धिखर्क नगरपालिकाको मिति २०८१/०७/०६ गते बसेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल गरियो। कार्यपालिका बैठकबाट भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको पाइयो।आगामी दिनमा थप प्रभावकारी बनाई कार्यान्वयन गर्दै जाने ।

६.६ मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेश राप्ती उपत्यका देउखुरी नेपाल र सन्धिखर्क नगरपालिका बिच मिति २०८१/०२/०४ गते भएको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी

प्रमुख प्रशासकीय अधिकृत



नगर प्रमुख

कार्यक्रम सञ्चालनका लागि भएको सम्झौता अनुसार प्रदेश सरकारको तर्फबाट साझेदारी हुने रकम नगरपालिकाको वार्षिक नगर विकास योजनामा छुट भएको पाइएकोले उक्त रकम आगामी नगर सभामा पेस गरी वार्षिक नगर विकास योजनामा समावेश गर्ने र हालसम्म सम्झौता बमोजिम भएको कार्य प्रगति पठाउने र प्रस्तावना एवम् सम्झौता बमोजिम उल्लिखित क्रियाकलापहरू कार्यान्वयन गर्न शिक्षा शाखाबाट प्रक्रिया अगाडि बढाउने र प्रदेशबाट सुनिश्चित गरिएको बजेट माग गर्ने ।

६.७ चालु आर्थिक वर्ष २०८१/८२ मा सडक वोर्ड नेपाल र सन्धिखर्क नगरपालिकाको तर्फवाट लागत साझेदारीमा देहायका सडकहरु मर्मत सम्भार गर्ने ।

- सन्धिखर्क नगरपालिका १,२,७,१० र ११ नम्बर वडा भित्रका सन्धिखर्क बजार एरिया चुत्रावेशी बजार एरिया, फुद्‌वाङ् फर्ज्याङ्ग सडक,घोचेखोला डुडखोला सडक मर्मत सम्भार, विहार जोगिमारे सडक मर्मत सम्भार कार्य ।
- कुल लागत अनुमानः १,१३,४९,५०६।१६ (एक करोड तेह्र लाख उन्पचास हजार पाँचसय छ पैसा सोह्र) मात्र ।
- सडक वोर्ड नेपालको तर्फबाट रु ६१,००,०००।-(एकसठ्ठी लाख) मात्र
- सन्धिखर्क नगरपालिकाको म्याचिङ्ग रु ५२,४९,५०६।१६ (बाउन्न लाख उन्पचास हजार पाँचसय छ पैसा सोह्र) मात्र ।

६.८ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम नगरपालिकाको आर्थिक वर्ष २०८१/८२को कार्तिक मसान्तसम्मको आय-व्यय सहितको प्रथम चौमासिक अवधिमा भएको प्रगति विवरण प्रमुख प्रशासकीय अधिकृतबाट पेस भई जानकारी भयो ।सो सन्दर्भमा सन्धिखर्क नगरपालिकाको भौतिक तथा वित्तिय प्रगति बढाई निर्धारित समयमा तोकिएको लक्ष्य प्रासि गर्ने ।

६.९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १२ मा उल्लिखित नगरपालिका तथा वडा समितिको काम कर्तव्य र अधिकार तथा सेवा प्रवाहको विषयमा बैठकमा छलफल भयो । यस सन्दर्भमा आगामी दिनमा नगरपालिका र अन्तर्गत वडा कार्यलय तथा स्वस्थ्य संस्थाको सेवा प्रवाहलाई सरलीकृत र जनमैत्री बनाइ सेवाको गुणस्तरमा समेत वृद्धि गर्दै जाने ।

६.१० सन्धिखर्क नगरपालिकाको मुख्य बजार क्षेत्रमा अक्सफाल्ट प्रविधिबाट सडक कलोपत्रे गर्ने कार्य भई रहेको सोही विषयमा तल्लो गुन्टी खोला देखि साथी होटलसम्मको सडक खण्ड सागुँरो र अन्यन्त व्यस्त सडकको रूपमा रहेको हुँदा उल्लिखित सडक खण्ड स्तरोन्नती गर्ने विषयमा स्थानीय टोल बासी र सन्धिखर्क नगरपालिका बिच पटकपटक भएको छलफल तथा निर्णय र सोही विषयमा मिति २०८१/०८/०५ गते जिल्ला स्थित राजनीतिक दल समेतसँग गरेको समन्वयात्मक बैठकबाट प्राप्त सुझाव तथा निर्णय समेतलाई मध्यनजर गरी समन्वयात्मक बैठकबाट भएको निर्णय समर्थन एवम् सो अनुरूप सडक स्तरोन्नती गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

६.११ लुम्बिनी प्रदेश, सरकार शहरी विकास तथा खानेपानी मन्त्रालयबाट प्राप्त इमेलमा सन्धिखर्क नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धमा लेखिएको विषय बैठकमा पेस भई जानकारी भयो । सो सम्बन्धमा वास प्लान तथ्याङ्क प्रमाणिकरण र प्राथमिकिकरणको कार्यका सम्बन्धमा नगर प्रमुखज्यू समेतको बैठक बसी तथ्याङ्क प्रमाणिकरण र योजनाहरु प्राथमिकीकरण गरी लुम्बिनी प्रदेश, शहरी विकास तथा खानेपानी मन्त्रालयमा पठाउने।

६.१२.१ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७९ को दफा ३२ को उपदफा (१) मा रहेको व्यवस्था बमोजिम सिप विकास तथा जीवनोपयोगी तालिम क्रमश सडक मर्मत तथा सम्भार, सिकर्मी, डकर्मी, पलम्बर, इलेक्ट्रीसियन मध्ये १२ वटै वडाबाट ४० जना सूचिकृत श्रमिक मध्ये IDA (international Development Association) बाट ४० जनालाई तालिम दिने व्यवस्था रहेकोमा सोही बमोजिम जम्मा ७१ जना (IDA-४०, नेपाल सरकारबाट ३१) श्रमिकलाई कम्तिमा १०० (एकसय) दिन काममा लगाउने प्रावधान अनुरुप तपसिल बमोजिम ढाँचामा वडागत रूपमा उल्लिखित सङ्ख्यामा सूचिकृत श्रमिकहरूको नाम यथाशिघ्र वडाबाट पठाउने।

तपसिल

| वडा | सूचिकृत सङ्ख्या | न्यूनतम सङ्ख्या | बाँकी सङ्ख्या | | | वडा गत रूपमा श्रमिक लगाउने निर्धारित सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ३९ | ४ | ३५ | ४.२ | १ | ५ |
| २ | ९९ | ४ | ९५ | १०.७ | २ | ६ |
| ३ | ८ | ४ | ४ | ०.९ | ० | ४ |
| ४ | ९१ | ४ | ८७ | ९.८ | २ | ६ |
| ५ | ९७ | ४ | ९३ | १०.५ | २ | ६ |
| ६ | ३३ | ४ | २९ | ३.६ | १ | ५ |
| ७ | १०९ | ४ | १०५ | ११.८ | ३ | ७ |
| ८ | ७० | ४ | ६६ | ७.६ | २ | ६ |
| ९ | ५४ | ४ | ५० | ५.८ | १ | ५ |
| १० | ८७ | ४ | ८३ | ९.४ | २ | ६ |
| ११ | २०१ | ४ | १९७ | २१.८ | ५ | ९ |
| १२ | ३६ | ४ | ३२ | ३.९ | १ | ५ |
| | ९२४ | ४८ | ८७६ | १०० | २३ | ७१ |

६.१२.२ प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ वडागत आयोजनाहरू उत्पादनमूलक, स्थानीय साधन श्रोतको प्रयोग भइ पूर्वाधार निर्माणमा उच्च खपत हुने आयोजनाहरू प्राथमिकता क्रममा राखी सबै वडा कार्यालयहरूले आफ्नो वडा कार्यालय भित्र सञ्चालन हुने आयोजनाहरू मङ्सिर ३० गते भित्र नगर कार्यपालिकाको कार्यालयमा पेस गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

६.१३ सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ससर्त अनुदान तर्फ साना व्यवसायिक कृषि उत्पादन केन्द्र कफी पकेट विकास कार्यक्रम सञ्चालनार्थ प्रधानमन्त्री कृषि आधुनिकीरकण परियोजना कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम गठित प्राविधिक समितिको बैठकबाट सन्धिखर्क नगरपालिकाका सम्भावित वडा नं ४, ११ र १२ को सम्पूर्ण कार्यक्षेत्र समेटने गरी कार्यक्रम लागु गर्नको लागि नगर कार्यपालिका बैठकमा सिफारिस गर्ने भनी प्राविधिक समितिबाट सिफारिस भइ आएकोले सोही बमोजिम उल्लिखित वडाहरुमा कफि पकेट कार्यक्रम सञ्चालन गर्ने ।

६.१४ चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत शहरी सासकीय तथा पूर्वाधार आयोजना तर्फ र अन्य विभिन्न शीर्षक तर्फका तपसिल बमोजिमका योजनाहरू संशोधनको लागि वडा तथा नगर स्तरीय योजनाहरू संशोधनका लागि पेस भएकोमा देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने । उल्लिखित निर्णय अनुमोदनका लागि आगामी नगर सभामा पेस गर्ने ।

**देहायः**

| सि. नं. | साविक योजनाको नाम | रकम रू. | संशोधित नाम | रकम रू. | श्रोत |
|---|---|---|---|---|---|
| १. | अलुवा खोला पुरानो घाट व्यवस्थापन । | ५०००००। | अलुवाखोला पुरानो घाट व्यवस्थापन र घर्सौटा टोलमा नाली निर्माण वडा नं १ । | ५०००००। | शहरी सासकीय तथा पूर्वाधार आयोजना वडा नं १ |
| २. | शान्ति बगैंचा ठाडोबाटो सिढी तथा नाली । | ५०००००। | आयुर्वेद स्वास्थ्य केन्द्र देखि पिपलबोट सम्म सिंढी निर्माण र शान्ति बगैंचा ठाडो बाटो सिँढी तथा नाली निर्माण । | ५०००००। | |
| ३. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र देखि पिपलबोट सम्म सिंढी मर्मत, रेलिङ् तथा नालि निमार्ण । | ५०००००। | | | |
| ४. | | | निर्मल नवज्योति विद्यालयमा पूर्वाधार निर्माण । | ५०००००। | |
| ५. | जिवनज्योति, जनविकास र नवज्योति आ.वि मा तारबार । | ५०००००। | जिवनज्योति, जनविकास र नवज्योति आ.वि मा तारबार,बाबुरामको घरदेखी चौवा पघेरा, सुपारेआप कोकलसारे सम्म, डेडखोला देखि स्कुलसम्म गोरेटो बाटो । | ५०००००। | शहरी सासकीय तथा पूर्वाधार आयोजना वडा नं ८ |
| ६. | करने खोला घुम्ती र नेटा मोटरबाटो स्तरोन्नती . | ५०००००। | हडाह जानेबाटो मर्मत राजु सोमैको घर अगाडीबाट नाली तथा पर्खाल निर्माण छाप डाँडाजाने बाटो मर्मत । | ५०००००। | शहरी सासकीय तथा पूर्वाधार आयोजना वडा नं ३ |
| ७. | मथुरी नन्दराम आ.वि | १०००००। | मथुरा नन्दराम आ.वि | १०००००। | नगरस्तरीय |

प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | झ्यालढोका फर्निचर सनपा -५ | | झ्यालढोका तथा भवन मर्मत। | | योजना सि.नं ५० |
| ८. | नौमति पन्चेबाजा तालिम तथा सामान खरिद(दलित, महिला, जनजाति, हराठाना, ठुलाबराप सानो बराप र पिल्याचौर) सनपा-१० | १०००००। | नौमति पञ्चेबाजा तालिम सनपा-१० | १०००००। | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सि.नं ३० |
| ९. | भुरूङ्खोला, खन, वाङ्ला खानेपानी, व्यवस्थापन गहते पिपलनेटा देउरालीडाँडा लिप्ट र ठुलापँधेरा भण्डारी पोखरा देउरालीडाँडा पधेरो लिप्ट तथा खानेपानी व्यवस्थापन योजना | ६५००००। | भुरूङ्खोला, खन, वाङ्ला, गहते, पिपलनेटा, देउरालीडाँडा, ठुला पँधेरा, भक्तिटोल सत्तल कोठा प्लास्टर देउँरालीडाँडा गोरेटोबाटो सिँढी निर्माण तथा खानेपानी व्यवस्थापन | ६५००००। | शहरी सासकीय तथा पूर्वाधार आयोजना वडा नं ४ |
| १०. | बहखोर देखि सुनारटोला मो.बा. सु.न.पा ०४ | १०००००। | बहखोर देखि सुनारटोल गोरेटोबाटो सनपा ४ | १०००००। | नगरस्तरीय सिनं ४४ |
| ११. | भण्डारीपोखरा पधेरो मर्मत र भ्यागुतेपानी सत्तल प्लास्टर सनपा ४ | १०००००। | भण्डारी पोखरा तल प्रतिक्षालय निर्माण सनपा ४ | १०००००। | नगरस्तरीय सिनं ४२ |
| १२. | खड्का कुल मन्दिर संरक्षण सनपा १२ | २०००००। | खड्का कुल मन्दिर संरक्षण तथा पहुँच मार्ग निर्माण सनपा १२ | २०००००। | नगरस्तरीय सिनं १२२ |
| १३. | नगर सभा सदस्यहरूको दुर्घटना विमा। | २०००००। | नगर सभा सदस्य तथा नगरपालिकाका कर्मचारीहरूको सामुहिक दुर्घटना विमा । | २०००००। | नगरस्तरीय स्वास्थ्य सि.नं ३१ |
| १४. | उपप्रमुख असहाय बालबालिका छात्रवृति कार्यक्रम | १५००००। | उपप्रमुख टुहुरा बालबालिका नगद प्रोत्साहन कार्यक्रम | १५००००। | नगरस्तरीय शिक्षा सि.नं ३३ |

**६.१५** चालु आर्थिक वर्ष २०८१/८२ मा सडक बोर्ड नेपाल र सन्धिखर्क नगरपालिकाको लागत साझेदारीमा मर्मत सम्भारको लागि नगरपालिकाको तर्फबाट आवश्यक पर्ने म्याचिङ्ग वापत नपुग हु रकम सन्धिखर्क नगरपालिकाबाट बेहोर्ने गरी श्रोत सुनिश्चित गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख



CamScanner